आन्तरिक लेखापरीक्षण, समस्या र आगामी बाटो

✍ **पेम्बा शेर्पा**
लेखा नियन्त्रक
प्रदेश लेखा इकाई कार्यालय उदयपुर

कुनै पनि निकायको आर्थिक कारोबार प्रचलित कानून बमोजिम भए नभए यथार्थता परीक्षण गरी उपर्युक्त सुझाव प्रदान गर्न कारोबार र त्यसलाई पुष्टि गर्ने सहायक कागजात समेतको जाँच, परीक्षण र मूल्याङ्कनको समष्टिलाई लेखापरीक्षण भनिन्छ । कुनै पनि निकायको कारोबारको यथार्थताबारे आश्वस्त हुन कानून बमोजिम लेखापरीक्षण गरिन्छ । लेखापरीक्षण भन्नाले हिसाबकिताबको भौतिक रूपमा जाँच गर्ने कार्य हो । Audit शब्दको उत्पत्ति ल्याटिन शब्द Audire वाट भएको हो जसको अर्थ सुन्नु (to hear) हुन्छ । सार्वजनिक वित्त व्यवस्थापनको एक महत्वपूर्ण कार्यको रुपमा लेखापरीक्षणलाई लिइन्छ । आर्थिक कारोबार सँग सम्बन्धित लेखाको जाँच, विश्लेषण र मूल्याङ्कन गरी प्रतिवेदन गर्ने कार्यलाई लेखापरीक्षण भनिन्छ । लेखापरीक्षण भनेको एक निकायले गरेको खर्च अर्को निकायले हेर्ने र प्रतिवेदन मार्फत अरूलाई सुनाउने नै हो । कुनै पनि संस्था कार्यालय वा निकायको आर्थिक कारोबारसँग सम्बन्धित लेखाको स्वतन्त्र, निष्पक्ष एवं उद्देश्यमूलक रूपमा लेखापरीक्षण सम्बन्धी प्रचलित कानुन र स्थापित मान्य

सिद्धान्तहरूको अधारमा गरिने परीक्षण तथा जाँच र सोको मूल्याङ्कन तथा विश्लेषण समेत लेखापरीक्षण हो । **लेखापरीक्षण ऐन, २०७५ अनुसार लेखापरीक्षण भन्नाले लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण सम्झनु पर्छ र सो शब्दले सम्परीक्षण गर्ने कार्यलाई समेत जनाउँछ ।** आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउँदै सार्वजनिक वित्त व्यवस्थापनलाई पारदर्शी, जवाफदेही र विधिमा आधारित बनाउने उद्देश्य लेखापरीक्षणले राखेको हुन्छ ।

नेपालको सन्दर्भमा हेर्ने हो भने सार्वजनिक क्षेत्र बाहेकका निकायहरुको लेखापरीक्षण नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा आवद्ध भएका र सदस्यता लिएका दर्तावाल लेखापरीक्षक तथा चार्टर्ड एकाउन्टेन्टहरुले गर्दछ । सार्वजनिक लेखापरीक्षणका प्रकार धेरै छन् तर हाम्रोमा प्रचलित आन्तरिक र अन्तिम लेखापरीक्षण हुन । लेखापरीक्षण गर्दा निश्चित तौरतरिका र विधि तथा अभ्यासहरुको आधारमा गरिनुपर्दछ जसलाई लेखापरीक्षणका सिद्धान्तहरू भनिन्छ । लेखापरीक्षण गर्दा तपसिल बमोजिम आधारभूत सिद्धान्तहरुको पालना गरी गर्नुपर्दछः

प्रमाणमा आधारित सिद्धान्त-: लेखा सम्बन्धी प्रमाणहरूको आधारमा लेखापरीक्षण गर्ने । प्रमाणहरू चुस्त दुरुस्त राखिएको हुनुपर्ने ।

निष्पक्षताको सिद्धान्त-: पक्षपात, ईर्ष्या, द्वेष रहित भएर लेखापरीक्षण गर्ने ।

स्वायत्तताको सिद्धान्त-: कसैको नाजायज दबाबमा नपरी स्वतन्त्रपुरमा स्वायत्त निकायबाट लेखापरीक्षण गर्ने ।

गोपनीयताको सिद्धान्त-: प्रतिवेदन गर्नु पर्ने निकाय बाहेक अन्य व्यक्ति वा निकायलाई लेखापरीक्षण सम्बन्धी विवरण उपलब्ध गराउने वा सार्वजनिक गर्न नहुने ।

सक्षमता/दक्षताको सिद्धान्त-: आंफु सँग भएको क्षमता, सिप र नको भरपुर र उचित प्रयोग गरी परीक्षण गर्ने ।

उचित सतर्कताको सिद्धान्त-: अभिलेख वा प्रमाणमा त्रुटि भए नभएको, कानुनी प्रावधान सँग बाझिए नबाझिएको, लगायतका विषयमा आवश्यक सतर्कता अपनाइरहनु पर्ने ।

प्रतिवेदनको सिद्धान्त-: लेखापरीक्षण गर्दा देखिएका कैफियत समेत उल्लेख गरी सुधारको लागि सुझाव सहितको प्रतिवेदन दिने ।

लेखापरीक्षणको मुख्य उद्देश्यहरू:

प्रणालीको मूल्याङ्कन: आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता जाँच्ने ।

नियम पालना: सबै लागू हुने ऐन, नियम र नीतिहरूको परिपालना सुनिश्चित गर्ने ।

समस्या पहिचान: सञ्चालनमा रहेका कमजोरी, अनियमितता वा जोखिमहरू पत्ता लगाउने ।

पारदर्शिता र जवाफदेहिता: वित्तीय पारदर्शिता र जवाफदेहिता बढाउने ।

प्रभावकारी सञ्चारको सिद्धान्तः लेखापरीणण गरिने निकायसँग प्रभाकारी संवाद गर्नुपर्दछ ।

वस्तुनिष्ठताको सिद्धान्तः दवाव वा प्रभावमा नपरी वस्तुनिष्ठ तरिकाले लेखापरीक्षण गर्नुपर्दछ

रणनीतिक योजनाको सिद्धान्तः लेखापरीक्षणको उद्देश्य मुताविक योजनावद्ध तरिका अपनाउनुपर्दछ ।

सुधारको सिफारिस: पत्ता लागेका समस्याहरूको समाधानका लागि सुझाव दिने ।

आन्तरिक लेखापरीक्षण (Internal Audit)

यस अध्यायमा भने हामी आन्तरिक लेखापरीक्षणको मात्र चर्चा गर्नेछौँ । कुनै पनि निकायको आन्तरिक संयन्त्रबाट गरिने लेखापरीक्षणलाई आन्तरिक लेखापरीक्षण भनिन्छ । सामान्यतया, संस्थाका आफ्नै कर्मचारी वा स्वतन्त्र आन्तरिक लेखापरीक्षण शाखा वा विभागले त्रैमासिक वा वार्षिक रुपमा गर्छ । आन्तरिक लेखापरीक्षण (Internal Audit) भनेको कुनै संस्थाभित्रै गरिने

एक स्वतन्त्र र वस्तुनिष्ठ मूल्याङ्कन प्रक्रिया हो, जसले संस्थाका नियम, कानुन, नीतिहरू पालना भए नभएको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी छ वा छैन र आर्थिक कारोबार व्यवस्थित, पारदर्शी तथा तोकिए बमोजिम भएको छ वा छैन भनी जाँच गरी सुधारका लागि सिफारिस गर्दछ जसले जोखिम व्यवस्थापन र सुशासन प्रवर्द्धन गर्न मद्दत पुर्याउँछ । नेपालमा कानूनतः कोष तथा लेखा नियन्त्रक कार्यालयले संघीय कार्यालयहरुको आन्तरिक लेखापरीक्षण गर्दछ भने प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयले प्रदेश सरकार मातहतका कार्यालयहरुको गर्दछ भने स्थानीय तहको हकमा सम्वन्धित स्थानीय तहमा रहेको लेखापरीक्षण शाखाले आन्तरिक लेखापरीक्षण गर्दछ ।

अमेरिकाको आन्तरिक लेखापरीक्षणको संस्था इन्स्टिट्युट अफ इन्टरनल अडिटर्सले आन्तरिक लेखापरीक्षणको परिभाषा गर्दै भनेको छ Internal auditing is an independent, objective assurance and consulting activity designed to add value and improve an organization's operations. It helps an organization to accomplish its objectives by bringing a systematic, disciplined approach to evaluate and improve the effectiveness of risk management, control, and governance processes.[1]

[1] https://www.theiia.org/en/standards/what-are-the-standards/definition-of-internal-audit/

आन्तरिक लेखापरीक्षणको आवश्यकता किन त ?

शुद्धता परिक्षण गर्नः

आर्थिक कारोबारको स्वतन्त्र, निष्पक्ष र कानून सम्मत जाँच र परीक्षण गरी लेखाको शुद्धता परीक्षण गर्न ।

अनियमितता भए नभएको पत्ता लगाउनः

आर्थिक कारोबारको अनियमितता र छलकपट पत्ता लगाई हानि नोक्सानी भए नभएको एकिन गर्न ।

भूल त्रुटी सच्याउनः

आर्थिक कारोबारमा हुनसक्ने जालसाँज, मनोमानि र हेल्चेक्रयाई सच्याउने अवसर प्रदान गर्न ।

लेखाङ्कनमा सहयोग

तोकिएको ढाँचा र पद्धतिमा लेखाङ्कन र प्रतिवेदन गर्न ।

आन्तरिक नियन्त्रण प्रणालीलाई कार्यान्वयन गर्नः

व्यवस्थापनलाई आवश्यक सूचना प्रदान गरी त्रुटी सच्याउने अवसर प्रदान गर्न ।

आर्थिक अनुशासन कायम गर्नः

आर्थिक कारोबारमा पारदर्शिता र अनुशासन कायम गरी सुशासन प्रवर्द्धन गर्न ।

स्रोत साधनको समुचित प्रयोग र संरक्षण गर्नः

स्रोत साधनको अधिक र अस्वभाविक प्रयोग भए नभएको एकिन गर्न

अन्तिम लेखापरीक्षणलाई लाई सहयोग गर्नः

अन्तिम लेखापरीक्षणलाई आर्थिक कारोबारको यथार्थ जानकारी दिन ।

समस्याको स्रोत पत्ता लगाई समाधानको रणनीति बनाउन

समस्या ठूलो हुनु अगावै व्यवस्थापनलाई सोको बारेमा जानकारी दिई समस्याको श्रोत कारण पत्ता लगाई समाधानको लागि आवश्यक योजना बनाउन सहयोग गर्न ।

निरन्तर सुधारको लागि

पारदर्शिता प्रवर्द्धन र उत्तरदायित्वमा सुधार गरी लेखापरीक्षणको नयाँ प्रतिमानहरु स्थापित गर्न

भरपर्दो र व्यापक वित्तीय जानकारी दिन

पर्याप्त **(wide integrated)** वित्तीय सूचना प्रवाह गर्न

बलियो सरकार र सुशासनको लागि

राज्य प्रतिको विश्वसनीयता बढाई बलियो सरकार **(robust government)** मार्फत सुशासन कायम गर्न ।

आन्तरिक लेखापरीक्षण प्रतिवेदन (Internal Audit Report) आर्थिक कारोबार, कार्यक्रम कार्यान्वयन, आन्तरिक नियन्त्रण प्रणाली, कानुनको

पालना र स्रोतको प्रभावकारी परिचालन परीक्षण गरी त्यसबाट देखिएका कैफियत, बेरुजु र सुधारका लागि राय सुझावसहित प्रदान गरिने आधिकारिक कागजात हो जसले व्यवस्थापनलाई नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता कायम गर्न मद्दत पुऱ्याई सुशासन र बलियो सरकार (Rebust Government) को कल्पनालाई सम्भव तुल्याउँदछ ।आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा विशेष गरी **पाँच सि (अङ्ग्रेजी: 5C)** को आधारमा प्रतिवेदन तयार गरी पेश गरिन्छ ।

Condition: समस्या वा अवस्था

Criteria: शर्त वा कानूनी व्यवस्था

Cause: समस्या वा कैफियतको कारण

Consequences: प्रभाव तथा परिणाम

Corrective Action: राय सुझाव

आन्तरिक लेखापरीक्षणका समस्याहरु

आन्तरिक लेखापरीक्षण कार्यकारिणी अर्थात खर्च गर्ने निकायको संयन्त्र भित्रैबाट गरिने लेखापरीक्षण हो । खर्च गर्ने निकायकै संयन्त्रले लेखापरीक्षण गर्ने हुँदा लेखापरीक्षण गर्ने र गरिने निकायविचको अन्तरआवद्धताबाट सिर्जना हुने समस्यालाई यसको प्रथम आन्तरिक समस्याको रुपमा उल्लेख गर्न

सकिन्छ भने आन्तरिक लेखापरीक्षणमा खटिने जनशक्तिको क्षमता, तालिम तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनको एकरुपता सम्बन्धी समस्या यसको द्धितीय समस्याको रुपमा लिन सकिन्छ । यसरी आन्तरिक लेखापरीक्षणको समस्याहरुलाई विस्तारित रुपमा तपसिल बमोजिम प्रस्तुत गरिएको छः -

औपचारिकतामा लिने प्रवृतिः

आन्तरिक लेखापरीक्षण गर्ने र गरिने निकायले यसलाई औपचारिकताको रुपमा लिने प्रवृत्ति ।

स्वतन्त्रता र वस्तुनिष्ठताको अभाव:

विशेष गरी स्थानीय तहमा व्यवस्थापनबाट दबाब आउने र निष्पक्ष प्रतिवेदन दिन नसक्ने अवस्था । साथै संगठनभित्रैबाट गरिने भएको हुँदा **halo effect** पर्न सक्ने ।

संसाधन र जनशक्तिको उत्प्रेरणामा कमी:

सरुवा भइरहने हुँदा पर्याप्त तालिम, अनुभव र उत्प्रेरणाको अभाव ।

कार्यकारी हस्तक्षेप (Management Interference):

विशेषतः स्थानीय तहमा लेखापरीक्षणको दायरा र प्रतिवेदनमा व्यवस्थापनले हस्तक्षेप गर्ने र कमजोरी औंल्याउँदा वा सुधारका लागि सुझाव दिँदा अवरोध गर्ने प्रवृति देखिएको ।

जोखिम व्यवस्थापनमा कमजोरी:

जोखिममा आधारित लेखापरीक्षण (Risk-Based Audit) Skill नहुँदा जोखिमको सही पहिचान, मूल्याङ्कन र व्यवस्थापन गर्न कठिनाई ।

प्रविधिको प्रयोगमा सुस्तता:

आधुनिक लेखापरीक्षण सफ्टवेयर र प्रविधिको प्रयोग सम्वन्धमा राज्य उदासीन हुनुले Data Analysis जस्ता काम छिटो, छरितो र उद्देश्यमैत्री नहुनु ।

नीतिगत स्पष्टताको कमी:

आर्थिक कारोबारको स्पष्टता, सुधार वा बेरुजुमा केन्द्रित हुने भन्ने स्पष्ट व्यवस्था नभएको हुँदा प्रतिवेदनमा एकरुपताको अभाव ।

उच्च व्यवस्थापनको प्रतिबद्धताको कमी:

आन्तरिक लेखापरीक्षणलाई प्राथमिकता नदिने तथा आर्थिक प्रशासन शाखाको मात्र जिम्मेवारीको रुपमा लिने र सुधारका लागि आवश्यक सहयोग नगर्ने ।

रिपोर्टिङ र फलो-अपमा ढिलासुस्ती:

एकातिर लेखापरीक्षण प्रतिवेदन समयमा नबन्ने र प्रतिवेदनले दिएको सुझाव कार्यान्वयनमा बेवास्ता गर्ने प्रवृति ।

सदाचार र नैतिकताको सवालः

कतिपय सन्दर्भमा आन्तरिक लेखापरीक्षण गर्ने र गराउने निकायको आपसी स्वार्थ र मिलोमतोमा समेत प्रतिवेदन बन्ने चर्चाका विच उच्च अनुशासन र नैतिकता कायम नहुनु पनि एउटा टड्कारो समस्या रहेको ।

आगामी बाटो (Way Forward)

आन्तरिक लेखापरीक्षणमा प्रस्तुत गरिएका समस्याहरु समाधान मार्फत आन्तरिक लेखापरीक्षणको mandate पुरा गर्न सकिन्छ जसका लागि देहायको सुधारहरु गर्न सकिन्छः

कर्मचारीको क्षमता विकासः

आन्तरिक लेखापरीक्षणमा काम गर्ने कर्मचारीलाई आवश्यक तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

व्यवसायिक बनाउनुपर्नेः

आन्तरिक लेखापरीक्षण गर्ने कर्मचारीलाई खर्च निकासाको कामबाट पृथक राखिनुपर्दछ (प्रदेश र स्थानीय तह) ।

सूचना र प्रविधिको प्रयोग

आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई स्वचालित र छिटो छरितो बनाउन नवीनतम प्रविधि तथा सफ्टवेयर आदिको प्रयोग गर्नुपर्दछ ।

सुझाव कार्यान्वयनमा जोड

आन्तरिक लेखापरीक्षण प्रतिवेदन तथा सुझाव कार्यान्वयनलाई कडाइका साथ पालन गर्न उच्च व्यवस्थापन प्रतिवद्ध हुनु पर्दछ ।

सञ्चार तथा समन्वयमा सुधार

आन्तरिक लेखापरीक्षण गर्ने र गरिने निकायविच प्रभावकारी समन्वय गर्ने ।

अनुगमन मूल्याङ्कन

आन्तरिक लेखापरीक्षण र प्रतिवेदनको सम्वन्धमा अनुगमन र मूल्याङ्कन गरी आवश्यक समिक्षा र सुधार हुनु पर्दछ ।

आन्तरिक नियन्त्रण प्रणालीको समिक्षाः

आर्थिक अनुशासन कायम गर्न कार्यान्वयन गरिने आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी र समयसापेक्ष भए नभएको समिक्षा गरी आवश्यक भए आवश्यक सुधार गर्ने ।

आन्तरिक लेखापरीक्षण आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता जाँच गरी संगठनको आर्थिक कारोबारलाई कानून सम्मत बनाउने मुख्य उद्देश्यबाट अभिप्रेरित हुने गर्दछ । यसले बेरुजु कायम गर्ने भन्दा पनि कारोबारमा अनुशासनको पालना, शुद्धता र प्रमाणको यथेष्टतामा जोड दिई अन्तिम लेखापरीक्षणको कार्यलाई सहयोग र सहजिकरण गर्दछ । तसर्थ आन्तरिक लेखापरीक्षण र सोको प्रतिवेदनले दिएको सुझाव कार्यान्वयनमा संगठनको उच्च व्यवस्थापन प्रतिवद्ध हुनुपर्दछ ।

सन्दर्भ सामग्री

- **wikipedia, AI**
- **https://www.theiia.org/en/standards/what-are-the-standards/definition-of-internal-audit/**
- **https://cga.nic.in/Page/Internal-Audit.aspx**
- **लेखापरीक्षण ऐन, २०७५**
- **गौतम, बाबुराम (२०७८), सरकारी लेखापरीक्षणः कानूनी व्यवस्था तथा राष्ट्रिय अन्तराष्ट्रिय संस्थाहरुसँगको आवद्धता, पराग, पेज नं ८४०**